# जिल्ला प्रशासन कार्यालय, जुम्लाको अर्धवार्षिक बुलेटिन, ०७८/७९

## धावनमार्गको हिउँ हटाए पछि हवाई सेवा सञ्चालनमा ।

भारी हिमपातका कारण अवरुद्ध जुम्लाको हवाई सेवा सञ्चालनमा ल्याउन जिल्ला विपद् व्यवस्थापन समिति जुम्लाका संयोजक तथा प्रमुख जिल्ला अधिकारी श्रीमान्  विजया कुमारी प्रसाईज्यूको नेतृत्वको टोलीले हिउँ पन्छाउने कार्य पश्चात जुम्लामा हवाई सेवा सञ्चालनमा आएको छ । जुम्लामा मिति २०७८/१०/२१ र २२ गते राती देखि परेको भारी हिमपातले धावनमार्गमा बाक्लो हिउँ जमेपछि जुम्लामा विगत तीन दिन देखि हवाई सेवा अवरुद्ध भएको थियो । धावनमार्गमा जमेको हिउँ सुरक्षाकर्मी, स्थानीय नागरिक,स्थानीय तह, कर्मचारीको सहभागितामा धावन मार्गको हिउँ हटाउने कार्य पश्चात जुम्लामा अवरूद्ध हवाई सेवा सुचारू भएको छ ।




*तस्विरः हिउँ हटाएपछि ल्याण्ड गरेको तारा एअर, जुम्ला एअरपोर्ट ।*

जुम्ला विमानस्थलको धावनमार्गमा जमेको हिउँ हटाउने क्रममा सुरक्षाकर्मी, नगरपालिका र अन्य सरकारी कार्यालयका कर्मचारीको सहभागिता, सुरक्षाकर्मीको गाडी र दर्जनौँ अन्य गाडीहरूको प्रयोग गरेर बिहान ११ बजे देखि दिउँसो साढे २ बजे सम्म हिउँ हटाउन खटिएका कर्मचारीहरूः



*तस्विरःधावन मार्गको हिउँ हटाउदै सुरक्षाकर्मी, स्थानीय र अन्य कर्मचारी तथा सञ्चारकर्मीहरू ।*



तस्विरः सुरक्षा निकायका र अन्य गाडी/डोजरको सहयताले धावनमार्गको हिउँ हटाउदै।

# जुम्लामा भारी हिमपातले पहिलो पटक अवरूद्ध सडक डोजरको सहायताले हिउँ हटाएर सडक सञ्चालनमा ।

जुम्लामा भारी हिमपात पछि जुम्लामा पहिलो पटक डोजरको सहायताले हिउँ पन्छाएर सडक सञ्चालनमा ल्याइएको छ । मिति २०७८/१०/२१ र २२ गते राति परेको भारी हिमपातले कर्णाली राजमार्गको जुम्ला – नाग्मा-गमगडी राजमार्ग अवरूद्ध भएको थियो । व्यक्तिगत तथा कार्यालय कामकाजको लागि यात्रा तय गरेका स्थानीय हिँउले सडक अवरूद्ध भएपछि अलपत्र परेको जानकारी प्राप्त हुनसाथ जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री  विजया कुमारी प्रसाईज्यूको नेतृत्वमा जिल्लाका चार वटै सुरक्षा निकाय, स्थानीय तह र सञ्चारकर्मीको सहयोगमा डोजरले हिउँ पन्छाएर सडक सञ्चालनमा ल्याएको छ । भने यात्रुहरू सडक सञ्चालनमा आएपछि आ-आफ्नो गन्तव्यमा गएका छन् ।



*तस्विरःकर्णाली राजमार्गको  जुम्ला-नाग्मा-गमगडी सडक खण्डको हिंउ पन्छाउदै डोजर ।*

## जडिबुटी संकलनमा गएका स्थानीय हिउँमा फसेपछि DDMC को  पहल तथा प्रदेश सरकारको नेतृत्वमा हेलिकप्टरबाट उद्धार  तथा राहत सामाग्री सम्बन्धित स्थान तिर लगिदै।

तातोपानी गाउँपालिका वडा नं. ७ र ८ करिव ३४ जना व्यक्ति स्थानीय जडिबुटी संकलन गर्न पाटनमा गएको अवस्थामा हिउँ परि बाटो अवरूद्ध भएपछि फसेका स्थानीय व्यक्तिलाई राहत तथा उद्धार कार्यको लागि सो क्षेत्र तर्फ हेलिकप्टर प्रस्थान गर्दै।

